## श्री विशासय सामुदायिक वन उपभोक्ता समूह,
सुनवल ६, नवलपरासी

### काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रि सुचना
पहिलो पटक सूचना प्रकाशन मिति : २०८२।०२।०५

गंगा प्रसाद घिमिरे
अध्यक्ष

श्री विशासय सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादिन भई **समुहको** घाटगद्दीमा लट नं. १ देखि ३ कायम भएको निम्न परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावार कारोबारका लागि सूचिकृत फर्म वा कम्पनिले यो सूचना **बुटवल टुडे राष्ट्रिय दैनिक** पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले **२१ (एक्काइस)** दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

१) वन पैदावारको विवरण :

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | ग्रेड | थान | परिमाण (क्यू.फि.) | न्यूनतम | संकलन खर्च | |
| १ | असना | ए | १८ | ५७३.९२ | २२९५६८.० | प्रति क्यु.फि रु १४५।- | पुनरुत्पादन कटान धाँग ५ र ढलापडा धाँग ५ |
| | | बी | ११ | १६०.९३ | ४८२७९.० | | |
| | | सी | १५ | ८८.४६ | ८८४६.० | | |
| | | | ४४ | ८२३.३१ | २८६६९३.० | | |
| २ | असना | ए | २४ | ७४३.३ | २९७३२०.० | प्रति क्यु.फि रु १४५।- | पुनरुत्पादन कटान धाँग ७ र ढलापडा धाँग ४,७ |
| | | बी | ११ | २३३.१४ | ६९९४२.० | | |
| | | सी | १ | ३.२८ | ३२८.० | | |
| | शिरिष | बी | ३ | १५.०६ | ३०१२.० | | |
| | जामुन | ए | २ | ३८.८३ | १५५३२.० | | |
| | | सी | ३ | १४.२२ | १४२२.० | | |
| | कुसुम | | २ | २१.७५ | २१७५.० | | |
| | मौवा | | ६ | ७३.४ | ७३४०.० | | |
| | जम्मा | | ५२ | ११४२.९८ | ३९७०७१.०० | | |
| ३ | असना | ए | ९ | १७६.०२ | ७०४०८.० | प्रति क्यु.फि रु १४५ - | अग्निरेखा |
| | | बी | ३ | ४०.५२ | १२१५६.० | | |
| | | सी | १२ | १२६.०४ | १२६०४.० | | |
| | शिरिष | ए | ६ | ११०.२५ | ३३०७५.० | | |
| | | बी | १६ | ६५.१४ | १९५४२.० | | |
| | जिगड | | १३ | ९२.५५ | ९२५५.० | | |
| | | | ५७ | ६१०.४३ | १५७०४०.० | | |

२) बोलपत्र खरिद दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :
खरिद गर्ने : क) अन्तिम मिति : २०८२।२।२५ (ख) समय : बेलुका ५ बजे सम्म
दाखिला गर्ने : क) अन्तिम मिति : २०८२।२।२६ ख) समय : दिउसो २ बजे सम्म

३) बोलपत्र सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, नवलपरासीबाट खरिद र दाखिला गर्न सकिनेछ ।

४) बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्र आव्हान गरेको यस सामुदायिक वनको नाममा रा.वा.वै.लि., सुनवलमा रहेको खाता नं. ३४१०१००००११९८००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।

५) बैङ्क जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ ।

६) बोलपत्र फारम प्रति लटको रु. १०००।- (एक हजार मात्र) पछि फिर्ता नहुने गरी समूहको बैंक खातामा वा नगद जम्मा गरी खरिद गर्नु पर्नेछ।

७) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस तोकिएको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

गंगा प्रसाद घिमिरे
अध्यक्ष

८. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, सुची दर्ता र अद्यावधिक प्रमाणपत्र प्रतिलिपी र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (पि.ए.एन.) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

९. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू मिति २०८२।२।२७ मा दिनको ३:०० बजे साक्षीहरूको रोहवरमा खोलिने छ ।

१०. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ (पैंतालिस) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

११. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुवैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१२. बोलपत्रमा केरमेट भएमा, हस्ताक्षर नभएमा, छाप नभएमा, सकार रकमको अंक र अक्षर नमिलेमा, लट अनुसार परिमाण नमिलेमा बोलपत्र मान्य हुने छैन ।

१३. बोलपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन बोलपत्र खरिद वा दाखिला गर्न सकिनेछ ।

१४. बोलपत्र जहाँबाट खरिद गरेको हो सोही कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

१५. बोलपत्र सदर वा बदर गर्ने अधिकार समूहमा निहित रहनेछ ।